annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक १७८ पृष्ठ १२ | काठमाडौं, बुधबार १४ कात्तिक २०८१ | कार्तिक कृष्णपक्ष त्रयोदशी नेपाल संवत् ११४४ | WEDNESDAY, OCTOBER 30, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

## जलवायु परिवर्तनको मारमा कर्णाली

# कृषि उत्पादन घट्दै, प्राकृतिक विपत्ति बढ्दै

हिउँ नपरेपछि कर्णालीका डाँडाकाँडा नाङ्गा हुन थालेका छन्। खोलानाला सुक्दै गएका छन्। खेतीबालीमा नयाँ-नयाँ रोग देखा पर्न थालेका छन्। बहुमूल्य जडिबुटी लोप हुँदै गएका छन्। लामखुट्टे गाउँगाउँ पुगेपछि रोगव्याधी बढ्न थालेको छ। बाढी पहिरो, आगलागी, खडेरी जस्ता प्राकृतिक विपत्तका घटना बढ्दै गएका छन्। जलवायु परिवर्तनका कारण यहाँको जनजीवन प्रत्यक्ष प्रभावित हुँदै गएको विज्ञहरू बताउँछन्।




जलवायु परिवर्तनको असरका कारण हिउँ पर्ने समयमा पनि उजाड डाँडाहरू र र वातावरणीय प्रभाव मूल्यांकन बिना नै जथाभावी गरिएको विकासका कारण पहिरो नखस्ने ठाउँमा पनि बर्सैनि पहिरोको समस्या भइरहेको छ।। ● बिस्नप्रसाद न्यौपाने

बिस्नप्रसाद न्यौपाने | *वीरेन्द्रनगर*

– को रिपोर्ट

समाचार पृष्ठ २

## उत्तर कोरियाले १० हजार सैनिक रूस पठायो

**वासिङ्टन** (एजेन्सी) : उत्तर कोरियाले १० हजार सैनिक रूसमा तालिमका लागि पठाएको र सम्भवतः केही सातामै युक्रेनविरुद्ध लड्ने सम्भावना रहेको अमेरिकाले जनाएको छ।

उत्तर कोरियाले ठूलो संख्यामा सैनिक पठाउँदा 'महत्वपूर्ण सुरक्षा खतरा' उत्पन्न भएको दक्षिण कोरियाको भनाइ छ। दक्षिण कोरियाले लामो समयदेखि आणविक-सशस्त्र उत्तर कोरियाले मस्कोलाई किएभविरुद्ध लड्न हतियार पठाएको आरोप लगाउँदै आएको छ।

उत्तर कोरियाली नेता किम जोङ उनले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग जुनमा पारस्परिक रक्षा सम्झौतामा हस्ताक्षर गरेपछि प्योङ्याङले ठूलो संख्यामा सैनिक तैनाथ गर्न थालेको दक्षिण कोरियाको आरोप छ।

उत्तर कोरियाले भने सैनिक पठाएको अस्वीकार गरेको छ। यद्यपि गत साता पहिलो टिप्पणीमा उत्तर कोरियाली उपविदेशमन्त्रीले यस्तो तैनाथी भएमा यो अन्तर्राष्ट्रिय कानुन अनुरूप हुने बताएका थिए।

## प्रधानमन्त्री ओली मंसिर १७ मा चीन जाने

**अन्नपूर्ण** | *काठमाडौं*



प्रधानमन्त्री केपी शर्मा ओली चीन भ्रमणमा जाने भएका छन्। चिनियाँ राष्ट्रपति सी जिङपिङको औपचारिक निमन्त्रणामा प्रधानमन्त्री ओली आगामी मंसिर १७ (२, डिसेम्बर) गते सोमबार चीनको राजधानी बेइजिङ जाने उच्च स्रोतले बताएको छ।

प्रधानमन्त्री निकट स्रोतका अनुसार, मंसिर १७ देखि २० सम्म प्रधानमन्त्री ओलीको चीन भ्रमण तय भएको छ। पछिल्लोपटक संयुक्त राष्ट्रसंघको महासभामा भाग लिन अमेरिकाको न्युयोर्क गएका बेला प्रधानमन्त्री ओली र चिनियाँ विदेशमन्त्री वाङ यीबीच भेट भएको थियो। सोही बेला चिनियाँ विदेशमन्त्री यीले डिसेम्बर पहिलो साता चीन भ्रमण हुने र सो समयमा अन्य कार्यक्रम नपार्न प्रधानमन्त्री ओलीलाई भनेका थिए।

नेपाल फर्किएपछि प्रधानमन्त्री ओलीले पार्टीका उच्च अधिकारीहरूसँग आफ्नो चीन भ्रमणका बारेमा अनौपचारिक छलफल गरेका थिए। एमाले उच्च अधिकारीहरूले चीन भ्रमण गर्न प्रधानमन्त्री ओलीलाई सुझाएका थिए।

चिनियाँ विदेशमन्त्री यी राष्ट्र संघको महासभाबाट बेइजिङ फर्किएपछि राष्ट्रपति सीसँग ओलीको भ्रमणबारे छलफल गरेका थिए। त्यसलगत्तै बेइजिङस्थित चिनियाँ विदेश मन्त्रालयले नेपालस्थित चिनियाँ दूतावासलाई प्रधानमन्त्री ओलीको भ्रमणबारे औपचारिकपत्र पठाएको थियो। दसैं अगावै नेपालका लागि चिनियाँ राजदूत छन् सोङले प्रधानमन्त्री ओलीलाई चीन भ्रमणबारे राष्ट्रपति सीले पठाएको निमन्त्रणापत्र दिएको स्रोतले बताएको छ।

» बाँकी पृष्ठ ६

# फेरि बन्यो भूमिसम्बन्धी आयोग

## २०४८ पछि १६ वटा आयोग

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

सरकारले भूमि समस्या समाधान गर्न फेरि आयोग गठन गरेको छ। मन्त्रिपरिषद्को मंगलबारको बैठकले प्युठानका एमाले नेता हरिप्रसाद रिजालको अध्यक्षतामा आयोग गठन गरेको हो। रिजाल लुम्बिनी प्रदेशको पार्टी अध्यक्षमा २ मतले पराजित भएका थिए। सरकारका प्रवक्ता एवं सञ्चारमन्त्री पृथ्वीसुब्बा गुरुङले ८ सदस्यीय भूमि समस्या समाधान आयोग गठन भएको जानकारी दिए। सदस्य सचिवसहित यो आयोग ९ सदस्यीय हुनेछ। ०४६ सालको प्रजातन्त्र पुनर्स्थापनपछि ०४७ सालमा बलबहादुर राईको संयोजकत्वमा गठित आयोगदेखि हालसम्म १६ वटा आयोग गठन भइसकेका छन्। तर, न सुकुम्बासीका समस्या भएका छन् न अव्यवस्थित बसोबासको समस्या नै सुल्झेको छ। सरकार परिवर्तनसँगै आयोग गठन र खारेज हुने कार्य चल्दै आएको छ।

०४८ सालमा कांग्रेस नेतृ शैलजा आचार्यको अध्यक्षतामा आयोग बन्यो। त्यो आयोगले सुकुम्बासी परिवार पहिचानका लागि आह्वान गर्दा २ लाख ६३ हजार ३८ परिवारले निवेदन दिएका थिए। ०५१ सालको एमाले नेतृत्वको सरकारले ऋषिराम लुम्सालीको नेतृत्वमा आयोग बनायो।

लुम्साली नेतृत्वको आयोगले २४ हजार ४७० सुकुम्बासी, २४ हजार ५२ अव्यवस्थित बसोबासी, १९५ कमैया, तीन हजार ३०२ बाढीपहिरो पीडित गरी ५८ हजार ३४० परिवारलाई जग्गा वितरण गरेको थियो । २०५२ सालमा बुद्धिमान तामाङ, २०५४ सालमा चन्दा शाहले आयोग नेतृत्व गरे। पुन : २०५४ सालमा नै बुद्धिमान तामाङ पुन आयोग अध्यक्ष भए। २०५५ सालमा तारणीदत्त चटौत, २०५६ मा गंगाधर लम्साल, २०६३ मा कैलाश महतो, २०६६ मा गोपालमणि गौतम, २०६८ मा भक्तिप्रसाद लामिछानेले आयोग नेतृत्व गरे। २०७१ मा शारदाप्रसाद सुवेदी,२०७३ मा गोपाल दहित, २०७६ मा देवीप्रसाद ज्ञवाली र २०७८ मा केशव निरौलाले आयोग समालेका थिए।

पछिल्लो समयमा ज्ञवालीको नेतृत्वको आयोगले केही कामको सुरुवात गरेका थियो। तर, त्यो पनि बिचैमा खारेज भयो। ज्ञवाली अध्यक्ष रहेको भूमिसम्बन्धी समस्या समाधान आयोगले भूमिहीन दलित र भूमिहीन सुकुम्बासी २ लाख ४७ हजार ९६० र अव्यवस्थित बसोवासी ९ लाख ३२ हजार ८०१ समेत ११ लाख ८० हजार ७ सय ६१ परिवारको लगत संकलन गरेको थियो।

यसपछि निरौला नेतृत्वामा गठन भएको राष्टिय भूमि आयोगले २०८० असार मसान्तसम्ममा राष्ट्रिय भूमि आयोगको सूचना प्रणालीमा भूमिहीन दलित ७२ हजार ८२० भूमिहीन् सुकुम्वासी १ लाख ४४ हजार ३२१ र अव्यवस्थित बसोबासी ६ लाख ९४ हजार १९० को लगत संकलन प्राप्त भएको जनाएको छ।

» बाँकी पृष्ठ ६

| क्र. स. | अध्यक्षको नाम | गठन मिति |
|---|---|---|
| १ | बलबहादुर राई | २०४८/८/९ |
| २ | शैलजा आचार्य | २०४९/९/१ |
| ३ | ऋषिराज लुम्साली | २०५१/८/२९ |
| ४ | बुद्धिमान तामाङ | २०५२/९/२० |
| ५ | चन्दा शाह | २०५४/२/२१ |
| ६ | बुद्धिमान तामाङ | २०५४/११/४ |
| ७ | तारिणीदत्त चटौत | २०५५/३/१ |
| ८ | गंगाधर लम्साल | २०५६/८/१६ |
| ९ | कैलाश महतो | २०६३ |
| १० | गोपालमणि गौतम | २०६६/८/२४ |
| ११ | भक्तिप्रसाद लामिछाने | २०६८/८/१८ |
| १२ | शारदाप्रसाद सुवेदी | २०७१/३/२ |
| १३ | गोपाल दहित | २०७३/११/९ |
| १४ | देवी ज्ञवाली | २०७६/१२/९ |
| १५ | केशव निरौला | २०७८/५/२५ |
| १६ | हरिप्रसाद रिजाल | २०८१/७/१३ |

